# मगर समुदायमा सङ्गिनी सुई प्रयोगको अवस्था

प्रस्तुतकर्ता
बिना आङबुहाङ
परीक्षा रोल नं. : २१४००५१
रजिष्ट्रेशन नं. : ९-२-२०१-५-२००८
शैक्षिक वर्ष : २०६८/०६९

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्वास्थ्य तथा जनसङ्ख्या विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड्.) दोस्रो वर्ष जनसङ्ख्या शिक्षा (Pop. Ed.598) विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत शोधपत्र

त्रिभुवन विश्वविद्यालय
सुकुना बहुमुखी क्याम्पस
सुन्दर हरैंचा, मोरङ
वि.सं. २०७४

# प्रतिबद्धता

यो शोधपत्र मेरो ज्ञानमा आधारित रहेर सर्वप्रथम प्राथमिक सूचना तथा तथ्याङ्कको आधारमा तयार गरिएको हो भनी घोषणा गर्दछु । यो अध्ययन प्रतिवेदन मेरो आफ्नै मौलिक अनुसन्धान कार्यको परिणाम हो । केही सन्दर्भ सुचिकृत विषयवस्तु बाहेक यो शोधपत्रमा प्रस्तुत विषयवस्तुहरू मेरा मौलिक हुन् । मैले कुनै पनि विगतमा पूरा भई बुझाएको शोधपत्रबाट जस्ताको त्यस्तै अनुकरण वा नक्कल गरेको छैन । साथै यो शोधपत्र स्वास्थ्य शारीरिक तथा जनसङ्ख्या विभाग अन्तर्गत स्वास्थ्य शिक्षामा स्नातकोत्तर तहको व्यवहारिक आंशिक पाठ्यभार पूरा गर्न बाहेक अन्यत्र दुरूपयोग गर्ने छैन ।

२२ जुलाई २०१७

----------------------

बिना आङबुहाङ

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह स्वास्थ्य शिक्षा मूल विषय लिई अध्ययनरत विद्यार्थीलाई द्वितीय वर्षमा शोधपत्र तयार गर्नुपर्ने प्रावधान रही आएको छ । सोही क्रममा मगर समुदायमा सङ्गिनी सुई प्रयोगको अवस्था तथा अनुसन्धान कार्य सम्पन्न गरी प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण पश्चात शोधपत्र तयार पारेको छु ।

शोधपत्र त्यसै पनि गहन र जटिल कार्यमा आवश्यक प्रबन्ध मिलाई शोधपत्रको शीर्षकदेखि शोधपत्रको अन्त्यसम्म मार्गदर्शकको रूपमा निरन्तर सहयोग तथा सल्लाह प्रदान गरी हौसलाका साथ शोधपत्रलाई यो अवस्थामा पुऱ्याउनु हुने आदरणीय शोध निर्देशक श्री जनार्दन गुरागाईंज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै मलाई अध्ययनको क्रममा यो अवस्थासम्म ल्याइपुऱ्याउनु हुने मेरा स्व.पिता हरिदत्त आङबुहाङ र ममतामयी आमा अम्बिका आङबुहाङमा विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यसैगरी प्रशासनिक काममा सहयोग गर्ने र यस विभागका सम्पूर्ण गुरुहरू साथै तथ्याङ्क सङ्कलनका क्रममा सक्रिय सहयोग पुऱ्याउनु हुने ताप्लेजुङ जिल्ला आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ हाङपाङका मगर समुदायमा बसोबास गर्नु हुने दाजुभाइ तथा दिदीबहिनीहरूमा धन्यवाद व्यक्त गर्न चाहन्छु । अध्ययन अनुसन्धानका क्रममा विविध पक्षबाट सहयोग गर्नु हुने माया तामाङ, गणेश मादेन लगायत सम्पूर्ण महानुभावहरूमा विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, परिश्रमपूर्वक शोधपत्र कम्प्युटर टाइप, सेटिङ, प्रुफ तथा बेन्डिङ गरी सहयोग गर्नु हुने सौजन्य डेस्कटप विर्तामोड-१, अतिथि सदन लाइनकी मैया बराललाई धन्यवाद दिन चाहन्छु ।

मितिः २०७४।

---------------------

बिना आङबुहाङ

## शोधसार

यस अध्ययनको शीर्षक ताप्लेजुङ जिल्ला आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ हाङपाङका मगर समुदायमा सङ्गिनी सुई प्रयोगको अवस्था हो । यसको उद्देश्य ताप्लेजुङ जिल्ला आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ हाङपाङमा बसोबास गर्ने मगर समुदायमा सङ्गिनी सुई प्रयोगको दर पत्ता लगाउनु, सङ्गिनी सुई प्रयोग गर्दा हुने फाइदा र बेफाइदाहरू पत्ता लगाउनु, सङ्गिनी सुईले जन्मान्तरमा पार्ने प्रभाव पत्ता लगाउनु रहेको छ । त्यसैगरी शैक्षिक, आर्थिक अवस्था पत्ता लगाई उनीहरूको समुदायमा रहेका महिलाहरूको सङ्गिनी सुई प्रयोगको अवस्था पत्ता लगाउनु हो । यो अध्ययन वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित रहेर गरिएको थियो । यस अध्ययनमा मगर समुदायका १४० जनालाई लिइएको छ ।

आठराई त्रिवेणी गाउँपालिकामा रहेका समस्याहरू मुख्य रूपमा तीनवटा उद्देश्यहरू राखेर गरिएको अध्ययनले समस्या पत्ता लगाउने प्रयास गरिएको छ । जसमा मगर समुदायमा सङ्गिनी सुई प्रयोग विभिन्न अनुसन्धानात्मक प्रश्नहरूद्वारा आफूले छानिएका अथवा छनौट गरिएका जनसङ्ख्याबाट उत्तर लिएर मगर समुदायमा रहेका सङ्गिनी सुईले जन्मान्तरमा पार्ने प्रभाव पत्ता लगाउन खोजिएको छ । यस अध्ययनमा मगर समुदायमा रहेका सङ्गिनी सुईको प्रयोग गर्दा हुने फाइदा र बेफाइदाहरूको समस्या समाधान गर्न कोसिस गरिएको छ । यस अध्ययनमा आठराई त्रिवेणी गाउँपालिकाका केही मगर समुदायलाई मात्र समेटेर त्यहाँको परिवार नियोजनका साधनहरूमध्ये सङ्गिनी सुईसम्बन्धी पक्षलाई समेटिएको भए पनि यसले समग्र मगर जातिका महिलालाई प्रतिनिधित्व गर्ने गरी समेटिएको छ ।

यस अध्ययनमा प्रख्यात दार्शनिकहरू, शिक्षाविद्, वातावरणविद्, स्वास्थ्यविज्ञ तथा स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूले प्रकाशन गरेका तथा अप्रकाशित कृतिहरू लेखहरू पुस्तक, जर्नल तथा नियमावली र सिद्धान्तहरूलाई अध्ययन गरी त्यसलाई नै आधार मानेर व्याख्या र विश्लेषण गरिएको छ । स्वास्थ्य शिक्षा दिँदा व्यक्तिका इच्छा, आवश्यकताहरू र क्षमता अनुसार दिनुपर्दछ भन्ने स्वास्थ्य शिक्षाको सिद्धान्तलाई आधार मान्दै यस अध्ययनले विभिन्न स्वास्थ्य र वातावरण सम्बन्धी प्रकाशित तथा अप्रकाशित लेख, जर्नल, पुस्तकहरू अध्ययनबाट मानिसका व्यवहारहरू व्यक्तिका इच्छाहरू, आवश्यकता र क्षमताहरूको फरकपन थाहा पाउने कोसिस गर्दै यहाँ मगर

समुदायका महिलाको इच्छा, चाहना, रुचि, व्यवहार, धारणा पत्ता लगाई स्वास्थ्य शिक्षा नै उनीहरूको चेतना अभिवृद्धिका लागि समाधानको उपाय हुन सक्दछ भन्ने सुझावहरू दिने प्रयास गरिएको छ। यस अध्ययनमा मगर महिलाको मगर समुदायमा सङ्गिनी सुई प्रयोग दरको सङ्कलित परिमाणलाई वर्णनात्मक र परिमाणात्मक दुवै तरिकाबाट व्याख्या, विश्लेषण गरिएको छ भने रणनीतिको हिसाबमा १४० जनालाई लक्षित गरी नमुना छनौट अन्तर्गत लिइएको छ।

यो शोधपत्र ताप्लेजुङ जिल्ला आठराई त्रिवेणी गाउँपालिका वाड नं. ३ का २०० जनामध्ये सामान्य सम्भावनायुक्त नमुना विधिको आधारमा १४० जना विवाहित महिलालाई नमुनाको रूपमा छनौट गरिएको छ। अध्ययनलाई पूरा गर्न प्राथमिक र द्वितीय दुवै स्रोतहरूको प्रयोग गरी अन्तर्वार्ता, बन्द र खुला प्रश्नहरूको माध्यमबाट आवश्यक तथ्याङ्कहरू सङ्कलित गरिएको छ। अध्ययनको क्रममा प्राप्त तथ्याङ्कलाई स्पष्ट पार्न तालिका वृत्तचित्र र स्तम्भ चित्र आदिको प्रयोग गरी विश्लेषण गरिएको छ।

यस अध्ययनमा मगर महिला जातिको धार्मिक तथा सांस्कृतिक परम्परा, रहन सहन, रीतिरिवाज, इतिहास तथा यहाँको उमेरगत तथा जनसाङ्ख्यिक संरचनालाई प्रस्तुत गरिएको छ। मगर समुदायको आर्थिक अवस्था, शैक्षिक अवस्था तथा उनीहरूको स्वास्थ्यको स्तर प्रष्ट हुने गरी यस अध्ययनको परिच्छेद चारले देखाउने प्रयास गरेको छ।

यस अध्ययनको सारांश, निष्कर्ष र सुझाव पाँचौ परिच्छेदमा समेटिएको छ। यस परिच्छेदले यस अनुसन्धानको सम्पूर्ण विषयवस्तु खोज तथा यसबाट निष्कर्षलाई छोटो गरी प्रस्तुत गरेको छ। मगर समुदायमा परिवार नियोजनका साधनहरूमध्येको सङ्गिनी तीन महिने सुई शिक्षा सम्बन्धी व्यवहारहरू परिवर्तनका लागि व्यवहारिक हुने गरी सुझावहरू प्रस्तुत गरिएको छ।

विवाहित महिलाहरूमा परिवार नियोजन अन्तर्गत सङ्गिनी सुईको बारेमा ज्ञान दिन तथा प्रयोग दरमा वृद्धि गराउन यससम्बन्धी जनचेतना जोगाउनुपर्ने, सामाजिक आर्थिक अवस्थाबाट पछाडि परेका महिलाहरूको जीवनस्तर उकास्न महिलाहरूलाई आयआर्जन गर्न सक्ने उपयुक्त सीप तथा तालिमको व्यवस्था गर्नुपर्दछ। तिव्र जनसङ्ख्या वृद्धिदरलाई नियन्त्रित गर्न, जन्मान्तर कम गर्ने विवाहित दम्पतिहरूलाई सङ्गिनी सुई जस्ता परिवार नियोजनको साधनको ज्ञान र प्रयोगबारे जानकारी गराउनुका साथै सम्बन्धित निकायबाट आवश्यक कदम चालिनु पर्दछ भन्ने सुझाव प्रस्तुत गर्न यो शोधपत्र तयार पारिएको छ।

## विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| प्रतिबद्धता | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञताज्ञापन | घ |
| शोधसार | ङ |
| विषयसूची | छ |
| तालिका सूची | झ |
| चित्र सूची | ञ |
| सङ्क्षेपीकृत सूची | ट |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको महत्त्व | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ६ |
| १.६ अध्ययनका सीमाहरू | ७ |
| १.७ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू | ७ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | ९ |
| २.२ व्यावहारिक साहित्यको पुनरावलोकन | ११ |
| २.३ पुनरावलोकनको उपादेयता | १८ |
| २.४ अवधारणात्मक ढाँचा | २० |
| **परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया** | |
| ३.१ अध्ययनको ढाँचा | २२ |
| ३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरू | २२ |
| ३.२.१ प्राथमिक स्रोतहरू | २२ |
| ३.२.२ द्वितीय स्रोतहरू | २२ |
| ३.३ जनसङ्ख्या नमुना र नमुना छनोट रणनीति | २३ |
| ३.४ अध्ययन क्षेत्र | २३ |

३.५ तथ्याङ्क सङ्कलनका साधन २३

३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया २३

३.७ तथ्याङ्कको विश्लेषण र व्याख्या प्रक्रिया २४

**परिच्छेद चार : नतिजाको व्याख्या एवम् विश्लेषण**

४.१ जनसाङ्ख्यिक विश्लेषण २५

४.२ उमेर अनुसारको विवरण २६

४.३ धर्मअनुसार विवरण २७

४.४ पेशा अनुसारको विवरण २८

४.५ आर्थिक अवस्था अनुसारको विवरण २९

४.६ शैक्षिक स्थिति अनुसारको विवरण ३०

४.७ विवाह गर्दाको उमेर अनुसारको विवरण ३१

४.८ सङ्गिनी सुई सम्बन्धी सूचनाको विवरण ३३

४.९ सङ्गिनी सुई प्रयोग सम्बन्धीको विवरण ३४

४.१० सङ्गिनी सुई प्रयोग नगर्ने सम्बन्धीको विवरण ३५

४.११ सङ्गिनी सुई प्राप्त गर्ने ठाउँको विवरण ३६

४.१२ सङ्गिनी सुई प्रयोग गर्दा भोग्नु परेको समस्याको विवरण ३८

४.१३ सङ्गिनी सुईको फाइदाको विवरण ३९

४.१४ सङ्गिनी सुईको असरको विवरण ४०

४.१५ सङ्गिनी सुई प्रयोग गर्दा देखिएका समस्या समाधानका उपायको विवरण ४१

४.१६ प्राप्ति ४२

**परिच्छेद पाँच : निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष ४६

५.२ सुझाव ५१

५.२.१ नीतिगत तहका लागि सुझाव ५१

५.२.२ अभ्यास तहका लागि सुझाव ५२

५.२.३ अनुसन्धानका लागि सुझाव ५२

सन्दर्भग्रन्थसूची

अनुसूची

# तालिका सूची


| तालिका नं. | विवरण | पृष्ठ |
|---|---|---|
| १ : उमेर अनुसारको विवरण | | २६ |
| २ : धर्म अनुसारको विवरण | | २७ |
| ३ : पेशा अनुसारको विवरण | | २८ |
| ४ : आर्थिक अवस्था अनुसारको विवरण | | ३० |
| ५ : शैक्षिक स्थिति अनुसारको विवरण | | ३१ |
| ६ : विवाह गर्दाको उमेर अनुसारको विवरण | | ३२ |
| ७ : सङ्गिनी सुई सम्बन्धी सूचनाको विवरण | | ३३ |
| ८ : सङ्गिनी सुई प्रयोग सम्बन्धीको विवरण | | ३४ |
| ९ : सङ्गिनी सुई प्रयोग नगर्ने सम्बन्धीको विवरण | | ३५ |
| १० : सङ्गिनी सुई प्राप्त गर्ने ठाउँको विवरण | | ३७ |
| ११ : सङ्गिनी सुई प्रयोग गर्दा भोग्नुपरेको समस्याको विवरण | | ३८ |
| १२ : सङ्गिनी सुईको फाइदाको विवरण | | ३९ |
| १३ : सङ्गिनी सुईको असरको विवरण | | ४० |
| १४ : सङ्गिनी सुई प्रयोग गर्दा देखिएका समस्या समाधानका उपायको विवरण | | ४१ |

# चित्र सूची


| चित्र नं. विवरण | पृष्ठ |
|---|---|
| १ : अवधारणात्मक ढाँचा | २१ |
| २ : धर्म अनुसारको विवरण | २८ |
| ३ : पेशाअनुसारको विवरण | २९ |
| ४ : सङ्गिनी सुई सम्बन्धी सूचनाको विवरण | ३४ |
| ५ : सङ्गिनी सुई प्रयोग सम्बन्धीको विवरण | ३५ |
| ६ : सङ्गिनी सुई प्रयोग नगर्ने कारण सम्बन्धीको विवरण | ३६ |
| ७ : सङ्गिनी सुई प्राप्त गर्ने ठाउँको विवरण | ३८ |

## संक्षेपीकृत सूची

| | |
|---|---|
| के.त.वि. | : केन्द्रीय तथ्याङ्क विभाग |
| प्रा.लि. | : प्राइभेट लिमिटेड |
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |
| सहप्रा. | : सहायक प्राध्यापक |
| AIDS | : Acquired Immune Deficiancy Syndrome |
| HIV | : Human Immuno Virus |
| UNESCO | : United Nations Educational Science and Cultural Organization |
| UNFPA | : United Nations Fond Papulation Activities |
| WHO | : World Health Organization |